जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक १५२ • २०८३ साल कार्तिक ९ गते सोमबार (26 October, Monday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।–


## 'ढल्केवरमा ट्रमा सेन्टरको शिलान्यास छिट्टै हुन्छ'



**टुडे समाचारदाता**

जनकपुरधाम । स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले धनुषाको ढल्केवरमा स्वीकृत क्रिटिकल केयर तथा ट्रमा सेन्टर निर्माणको टेन्डर प्रक्रिया अघि बढिसकेको बताएकी छनु ।

ढल्केवरमा आइतबार ट्रमा सेन्टर निर्माणका लागि प्रस्तावित जग्गाको स्थलगत निरीक्षण गर्दै मन्त्री मेहताले टेन्डरसम्बन्धी कागजात स्वास्थ्य मन्त्रालयबाट हस्ताक्षर भएर पूर्वाधारसम्बन्धी निकायमा पठाइसकिएको जानकारी दिए । उनले प्रक्रिया पूरा भएपछि टेन्डर आह्वान हुने र त्यसपछि निर्माणको काम अघि बढ्ने बताइन् । "ट्रमा सेन्टर बन्छ कि बन्दैन भन्ने अन्योल अब राख्नुपर्दैन । यो आयोजना सरकारको बहुवर्षीय योजनामा समावेश भइसकेको छ", मन्त्री मेहताले भन्नुभयो । उहाँले निर्माणस्थलको निरीक्षणबाट आवश्यक तयारी उपयुक्त देखिएको उल्लेख गर्दै छिट्टै शिलान्यास हुने विश्वास व्यक्त गर्नुभयो ।

स्थानीयवासीले लामो समयदेखि ट्रमा सेन्टर निर्माणको आश्वासन पाउँदै आए पनि काम शुरु नभएकाले आयोजना कार्यान्वयनप्रति आशंका व्यक्त गर्दै आएका छन् ।

निरीक्षणका क्रममा प्रतिनिधिसभा सदस्य राजकिशोर महतोले भवन निर्माणको काम शुरु भएपछि मात्रै स्थानीयवासी विश्वस्त हुने बताए । उनले आश्वासनभन्दा निर्माण कार्यको सुरुआत महत्वपूर्ण रहेको उल्लेख गर्दै शिलान्यासको प्रक्रिया छिटो अघि बढाउन मन्त्रीको ध्यानाकर्षण गराए ।

"ट्रमा सेन्टरका नाममा यहाँका नागरिक लामो समयदेखि आश्वासन पाउँदै आएका छन् । अब आश्वासनले मात्र चित्त बुझाउने अवस्था छैन । भवन निर्माण शुरु भएपछि मात्रै विश्वास जाग्छ", उनले भने । निरीक्षणमा धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलसहित सुरक्षा निकायका प्रमुखहरूको उपस्थितिसमेत रहेको थियो ।

### नेपालमा प्रियागोल्ड बिस्कुट प्रतिबन्ध

## बजारबाट फिर्ता गरिएका बिस्कुटको अभिलेख राख्न निर्देशन

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतमा खाद्य सुरक्षा तथा स्वच्छतासम्बन्धी मापदण्ड गम्भीर रूपमा उल्लंघन गरेको पाइएपछि भारतीय कम्पनी सूर्य फुड एन्ड एग्रो लिमिटेडद्वारा उत्पादित प्रियागोल्ड बिस्कुटको नेपालमा आयात, बिक्री वितरण तथा उपभोगमा रोक लगाइएको छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले बजारमा उपलब्ध उक्त ब्राण्डका बिस्कुट तत्काल फिर्ता गर्न र फिर्ता गरिएका सामग्रीको सुरक्षित व्यवस्थापन गर्दै आवश्यक अभिलेख राख्न सम्बन्धित व्यवसायीलाई निर्देशन दिएको छ ।




खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले जनाए अनुसार भारतीय खाद्य सुरक्षा तथा मानक प्राधिकरण (एफएसएसएआई) ले प्रियागोल्ड बिस्कुट उत्पादक कम्पनीको अनुमतिपत्र निलम्बन गरेको सूचनाका आधारमा नेपालमा समेत प्रतिबन्ध लगाउने निर्णय गरिएको छ । भारतीय प्राधिकरणले सन् २०२६ अक्टोबर १७ अर्थात् २०८३ असोज ३१ गते जारी गरेको सूचनामा कम्पनीको उत्पादन प्रक्रियामा गम्भीर त्रुटि भेटिएको उल्लेख गरिएको छ ।

उक्त सूचना अनुसार कम्पनीले मानव उपभोगका लागि प्रयोग गर्न नहुने, गाईवस्तुको दानाका रूपमा प्रयोग गरिने सामग्री खाद्य उत्पादनमा प्रयोग गरेको पाइएको छ । त्यसैगरी कारखानामा सरसफाइ, कीट नियन्त्रण, कच्चा पदार्थको भण्डारण तथा कर्मचारीको व्यक्तिगत स्वच्छतासम्बन्धी मापदण्डमा समेत कमजोरी भेटिएको जनाइएको छ । आवश्यक मर्मतसम्भारको अभाव र खाद्य उत्पादनका क्रममा पालना गर्नुपर्ने स्वच्छतासम्बन्धी नियम उल्लंघन भएको विषयलाई पनि गम्भीर रूपमा लिइएको छ ।

भारतीय प्राधिकरणले कम्पनीको अनुमतिपत्र निलम्बन गर्नुका साथै कम्पनीविरुद्ध कानुनी कारबाही अघि बढाउन स्वीकृति दिएको सूचनामा उल्लेख गरिएको छ । सोही निर्णयपछि नेपालमा पनि सम्बन्धित उत्पादनको बिक्री वितरण रोकिएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका महानिर्देशक सञ्जीव कर्णले नेपालमा उक्त बिस्कुटको आधिकारिक आयातकर्ता तथा खाद्य व्यवसायीलाई बजारमा रहेका सबै बिस्कुट तत्काल फिर्ता गर्न निर्देशन दिएका छन् । विभागले फिर्ता गरिएका बिस्कुटको सुरक्षित व्यवस्थापन गर्न, त्यसको परिमाणसहित आवश्यक विवरण अभिलेखमा राख्न तथा निर्देशन कार्यान्वयन गर्न सम्बन्धित पक्षलाई आग्रह गरेको छ ।

नेपाल-भारत खुला सीमाका कारण भारतीय बिस्कुटलगायत खाद्य सामग्री सहज रूपमा नेपाल भित्रिने गरेका छन् । तर, आयातित खाद्य सामग्रीको गुणस्तर परीक्षण, बजार अनुगमन र मापदण्ड पालना गराउने कार्य प्रभावकारी हुन नसक्दा उपभोक्ताको स्वास्थ्य सुरक्षामाथि प्रश्न उठ्ने गरेको छ ।

विशेषगरी तराई-मधेशका सीमावर्ती बजारमा भारतीय बिस्कुट तथा अन्य खाद्य सामग्री खुलेआम बिक्री हुने गरेका छन् । आधिकारिक आयातमार्फत आएका सामग्रीबाहेक अनौपचारिक माध्यमबाट भित्रिने खाद्य वस्तुको गुणस्तर परीक्षण र अभिलेख व्यवस्थापन थप चुनौतीपूर्ण हुन सक्छ । यस्तो अवस्थामा नियमित अनुगमन, प्रयोगशाला परीक्षण र सीमा क्षेत्रमा निगरानी बढाउनुपर्ने आवश्यकता देखिएको छ ।

काठमाण्डुमै गरिएको गुणस्तरसम्बन्धी परीक्षण तथा अनुगमनपछि प्रियागोल्ड बिस्कुटबारे यस्तो निर्णय सार्वजनिक हुनुले आयातित खाद्य सामग्रीको प्रभावकारी नियमनको आवश्यकतालाई पुनः उजागर गरेको छ । तर, सबै भारतीय खाद्य सामग्री गुणस्तरहीन छन् भन्ने निष्कर्ष निकाल्न नमिल्ने भएकाले जोखिममा आधारित परीक्षण र प्रमाणका आधारमा कारबाही गर्नु आवश्यक छ ।

विभागले उपभोक्तालाई प्रियागोल्ड बिस्कुट खरिद तथा उपभोग नगर्न सचेत गराएको छ । यसका साथै, सम्बन्धित स्थानीय तह र स्थानीय प्रशासनलाई बजार अनुगमन गरी प्रतिबन्धको निर्णय कार्यान्वयन गराउन आग्रह गरिएको छ ।

खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ अनुसार खाद्य पदार्थको गुणस्तर र स्वच्छतासम्बन्धी मापदण्ड उल्लंघन गर्ने व्यवसायीमाथि कारबाही गरिने विभागले जनाएको छ । उपभोक्ताको स्वास्थ्य सुरक्षाका लागि प्रतिबन्धित उत्पादन बजारबाट हटाउने कार्यसँगै सीमावर्ती क्षेत्रमा खाद्य सामग्रीको नियमित जाँच, आयातकर्ताको जवाफदेहिता र बिक्री वितरणको प्रभावकारी अनुगमनलाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।

तर जनकपुरधाम बजार क्षेत्रमा भने अझै पनि प्रतिबन्धित प्रियागोल्ड बिस्कुट सहजै रुपमा पाइने गरेको एक उपभोक्ताले जानकारी दिए । यसप्रति स्थानीय प्रशासनसमेत गम्भीर रुपमा कारबाही प्रक्रिया अघि बढाउनुपर्ने आवश्यकता रहेको छ ।

## मिथिलामा कोजाग्रत पूर्णिमाको रौनक

**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिलाञ्चलमा धार्मिक, सांस्कृतिक तथा पारिवारिक महत्व बोकेको कोजाग्रत पूर्णिमा श्रद्धा, भक्ति र उल्लासका साथ मनाइएको छ । यस अवसरमा महोत्तरीको रतौलीबाट जनकपुरधामस्थित प्रसिद्ध जानकी मन्दिरमा १०८ पाहुर ल्याइएको छ । मिथिला परम्परा अनुसार पाहुरमार्फत भगवान् सीतारामको चुमाओन गरिने भएकाले यस पर्वले मिथिलाको धार्मिक तथा सांस्कृतिक जीवनमा विशेष स्थान राख्दै आएको छ ।



कोजाग्रत पूर्णिमाका दिन जानकी मन्दिरमा ल्याइएको पाहुरमा धार्मिक आस्था, पारिवारिक आत्मीयता र मिथिलाको मौलिक परम्पराको सुन्दर झलक देखिएको छ । प्रत्येक वर्ष महोत्तरीको रतौलीबाट ल्याइने पाहुरले जनकपुरधामको धार्मिक वातावरणलाई थप उल्लासमय बनाउने गरेको छ ।

महोत्तरीको रतौली निवासी स्वर्गीय महेन्द्रप्रसाद ठाकुरको घरबाट ल्याइएको १०८ पाहुरमा पान, मखान, लड्डु, खाजा, चामल, दाल, तरकारीलगायत विभिन्न खाद्य सामग्री समावेश छन् । यसका साथै भगवान् राम र माता जानकीका लागि विशेष वस्त्रसमेत पाहुरमा ल्याइएको छ ।

रतौलीबाट जानकी मन्दिरमा पाहुर ल्याउने परम्परा १४२ वर्षदेखि निरन्तर चल्दै आएको नवीन ठाकुरले बताएका छन् । पुस्तौँदेखि चलिआएको यस परम्पराले मिथिलाञ्चलको धार्मिक विश्वास, सामाजिक सम्बन्ध र सांस्कृतिक पहिचानलाई जीवन्त राख्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

नवीन ठाकुरले ऐतिहासिक महत्व बोकेको यस परम्परालाई आगामी दिनमा पनि निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका छन् । आधुनिक समयसँगै सामाजिक जीवनशैलीमा परिवर्तन आइरहे पनि यस्ता परम्पराले पुर्खाले स्थापित गरेका सांस्कृतिक मूल्य र मान्यतालाई नयाँ पुस्तासम्म पुऱ्याउन सहयोग गर्दै आएका छन् ।

कोजाग्रत पूर्णिमाको अवसरमा जनकपुरधामस्थित जानकी मन्दिरमा विशेष धार्मिक कार्यक्रम आयोजना गरिन्छन् । भजनकीर्तन, पूजाआजा तथा अन्य सांस्कृतिक गतिविधिले मन्दिर परिसरमा भक्तिमय वातावरण सिर्जना गर्ने गरेका छन् ।

पर्वलाई थप आकर्षक र उल्लासमय बनाउन प्रत्येक वर्ष हास्यपरिहासका कार्यक्रमसमेत सञ्चालन हुँदै आएका छन् । धार्मिक आस्थासँगै मनोरञ्जन र सामाजिक मेलमिलापलाई समेत महत्व दिइने भएकाले कोजाग्रत पूर्णिमा मिथिलाञ्चलमा विशिष्ट सांस्कृतिक पर्वका रूपमा स्थापित छ ।

जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवले जनाए अनुसार पर्वका अवसरमा आयोजना गरिने धार्मिक तथा सांस्कृतिक कार्यक्रमले कोजाग्रत पूर्णिमाको महत्वलाई थप उजागर गर्ने गरेका छन् । यस्ता कार्यक्रमले श्रद्धालुहरूलाई धार्मिक गतिविधिमा सहभागी गराउनुका साथै मिथिलाको मौलिक परम्परा र सांस्कृतिक विशेषतालाई संरक्षण गर्न मद्दत पुऱ्याउँछन् ।

कोजाग्रत पूर्णिमाको महत्व जानकी मन्दिरमा हुने धार्मिक गतिविधिमा मात्र सीमित छैन । मिथिलाञ्चलमा यो पर्व नवविवाहित दम्पतीका लागि पनि विशेष महत्वको मानिन्छ । विवाहपछि बेहुलाको ससुरालीबाट पाहुर ल्याउने र त्यसबाट बेहुलाको चुमाओन गर्ने परम्परा यस पर्वको महत्वपूर्ण पक्ष मानिन्छ ।

मिथिलाको परम्परागत सामाजिक जीवनमा विवाह दुई व्यक्तिबीचको सम्बन्ध मात्र नभई दुई परिवारबीचको आत्मीय सम्बन्ध स्थापित गर्ने संस्कारका रूपमा लिइन्छ । कोजाग्रत पूर्णिमामा ससुरालीबाट ल्याइने पाहुरले यही सम्बन्धलाई थप प्रगाढ बनाउने विश्वास गरिन्छ ।

यस दिन बेहुलाको चुमाओन गरेपछि विशेष मन्त्र उच्चारण गर्दै उनलाई दुर्वाक्षत दिने चलन छ । धार्मिक तथा सांस्कृतिक विधि अनुसार गरिने यस कर्मले नवविवाहित बेहुलाको सुख, समृद्धि र मंगलमय जीवनको कामना गर्ने परम्परालाई प्रतिनिधित्व गर्छ ।

चुमाओनको विधि सम्पन्न भएपछि बेहुलाको घरमा भोजभतेर आयोजना गरिन्छ । यस अवसरमा परिवारका सदस्य, आफन्त तथा इष्टमित्र एकत्रित भएर खुसी साटासाट गर्छन् । यसले पारिवारिक सम्बन्धलाई सुदृढ बनाउनुका साथै सामाजिक सद्भाव र आपसी सहयोगको भावनालाई समेत बलियो बनाउने गरेको छ ।

कोजाग्रत पूर्णिमामा पान र मखान बाँड्ने परम्पराले पनि विशेष स्थान पाएको छ । मिथिलाको धार्मिक तथा सांस्कृतिक जीवनमा पान र मखानलाई शुभ अवसर, आतिथ्य र परम्परागत सम्मानसँग जोडेर हेर्ने गरिन्छ । पर्वका अवसरमा यी सामग्रीको आदानप्रदानले सामाजिक आत्मीयता र पारस्परिक सम्बन्धलाई अभिव्यक्त गर्छ ।

पाहुरमा समावेश गरिने खाद्यान्न, मिठाइ, तरकारी तथा वस्त्रले परम्परागत जीवनशैली र धार्मिक आस्थाको प्रतिनिधित्व गर्छन् । यस्ता सामग्रीको आदानप्रदान केवल उपहार दिने कार्यमा सीमित नभइ परिवारबीचको सम्बन्ध, सम्मान र सद्भाव प्रकट गर्ने माध्यमका रूपमा समेत रहँदै आएको छ ।

विवाहपछिका संस्कारमा पाहुरको महत्वपूर्ण भूमिका हुने भएकाले कोजाग्रत पूर्णिमाले नवदम्पतीका परिवारलाई एकअर्कासँग जोड्ने अवसर प्रदान गर्छ । यस पर्वका माध्यमबाट पारिवारिक संस्कार र सामाजिक दायित्वलाई निरन्तरता दिने अभ्याससमेत हुँदै आएको छ ।

मिथिलाञ्चलमा मनाइने कोजाग्रत पूर्णिमा धार्मिक आस्था, पारिवारिक सम्बन्ध, सामाजिक सद्भाव र सांस्कृतिक पहिचानको संगमका रूपमा रहेको छ । जानकी मन्दिरमा १०८ पाहुर चढाउने १४२ वर्ष पुरानो परम्पराले यस पर्वको ऐतिहासिक तथा सांस्कृतिक महत्वलाई थप उजागर गरेको छ ।

पुर्खादेखि चल्दै आएका यस्ता परम्पराले स्थानीय समुदायलाई आफ्नो इतिहास र मौलिक पहिचानसँग जोडिराख्न सहयोग गर्छन् । धार्मिक अनुष्ठान, पारिवारिक भेटघाट, पाहुरको आदानप्रदान र सामूहिक उत्सवका माध्यमबाट नयाँ पुस्ताले आफ्नो संस्कृति र संस्कारबारे जानकारी प्राप्त गर्ने अवसर पाउँछन् ।




जनकपुर टुडे





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# लापरबाहीले बढेको दुर्घटना

नेपालीहरुले बडा दशैं मनाइरहेको बेला देशमा उच्च सुरक्षा प्रबन्ध गरिएको थियो । दशैंमा हुने अपराधिक घटनाहरुलाई न्यून गर्न सुरक्षा निकायहरुले विशेष योजना बनाएर काम गरेका थिए । तर दशैंमा लापरबाहीको कारण ज्यान जानेगरी कयौं सवारी दुर्घटना भयो । मादकपदार्थ र लागुपदार्थ सेवन गरी सवारी साधन चलाउनेहरु मध्ये धेरै जना दुर्घटनामा परे । केहीको ज्यान गयो । केही अंगभंग भए । लागुपदार्थ र मादकपदार्थ सेवन गरी सवारी साधन चलाउनेलाई प्रहरीले नियन्त्रणमा लिएर कारवाही पनि गरे । तर पनि दुर्घटनामा ज्यान गुमाउनेहरुको संख्या न्यून हुन सकेन । सवारी दुर्घटना हुनुमा चालक स्वयं नै बढी जिम्मेवार हुने गरेका छन् । सवारी नियम उल्लंघन गरेर गौरव गर्नेहरु मध्ये बढीको ज्यान गएको छ । सवारी दुर्घटना चालकको लापरबाहीले नै हुने गर्छ । कतिपय बेला प्राविधिक कारण पनि हुने गर्छ । राजमार्ग अथवा बजारमा सवारी साधनलाई नियम पालना गराउन ट्राफिक प्रहरी निकै सक्रिय देखिएका थिए । बजारमा पनि विशेष निगरानी राखिएको थियो । सवारी साधन दुर्घटनामा मृत्यु हुनेको समाचार निरन्तर आइरहेका थिए । तैपनि चालकहरु भने सतर्क देखिएन । लागुपदार्थ र मादकपदार्थ सेवन गरी सवारी साधन चलाउनेलाई कारबाही हुने कानुनी व्यवस्था छ । ट्राफिकले पक्राउ गरी कारबाही पनि गर्छन् । तैपनि उदण्डता रोकिएको छैन । दशैंलाई उल्लासमय बनाउन चोक र टोलका युवाहरु सक्रिय थिए । उनीहरुको कारण दशैंमा मानिसहरुको सहभागिता बढेको थियो । बडा दशैंमा तराई, मधेशमा १० दिनसम्म दुर्गा भवानीको विशेष पूजा गरिन्छ । विशेष पूजामा महिला, पुरुषको सहभागिता हुने गर्छ । कतिपय युवाहरु पनि पूजामा सक्रिय रहने गर्छन् । तर पूजाको भन्दा लागुपदार्थ र मादकपदार्थ सेवन गरी सडक र समाजमा उत्पात्त मच्चाउने युवाहरुको ज्यान जोखिममा पर्ने गरेको छ । सवारी दुर्घटनामा ज्यान गुमाउने अथवा अंगभंग हुनेहरु मध्ये मादकपदार्थ र लागुपदार्थ सेवनगरी सवारी साधन चलाएको संख्या बढी रहने गरेको छ । लागुपदार्थ अथवा मादकपदार्थ सेवन गरी सवारी साधन नचलाउन विभिन्न सचेतनामूलक कार्यक्रमहरु समेत हुँदै आएको छ । सवारी दुर्घटनालाई न्यून गर्न भइरहेको प्रयास प्रभावकारी नभएको होइन । लागुपदार्थ, मादकपदार्थको कुलतमा परेकाहरुको कारण सवारी दुर्घटना बढेको छ । सामान्य अवस्थामा सवारी साधन चलाउँदा दुर्घटना हुने सम्भावना निकै कम हुन्छ । तर लागुपदार्थ सेवन गरी सवारी साधन चलाउँदा दुर्घटनाको उच्च जोखिम हुन्छ । त्यसकारण दुर्घटनालाई न्यून गर्न लागुपदार्थ र मादकपदार्थ सेवन गरी सवारी साधन चलाउनेलाई अझ कडा कारबाहीको व्यवस्था हुनुपर्छ । बडा दशैंमा खुशियाली मनाउने बेला चालकले थोरै लापरबाही गरेर त्यसलाई दुःखद बनाएका थिए । सवारी दुर्घटनाबाट जोगिन सबैभन्दा बढी जिम्मेवार चालक नै हुनुपर्छ ।

## मध्यपूर्वमा युद्धको बादल :

# नेपाली श्रमिकको सुरक्षाको पूर्वतयारी खोइ ?



सुरेश भट्ट आश्रिन

मध्यपूर्वमा बढ्दो युद्धको जोखिमले त्यहाँ कार्यरत लाखौं नेपाली श्रमिक र तिनका परिवारलाई चिन्तित बनाएको छ । रोजगारी, परिवारको भविष्य र आर्थिक सुरक्षाको सपना बोकेर परदेशिएका नेपालीहरू अहिले फेरि अनिश्चितताको चपेटामा पर्ने जोखिम बढेको छ । हिजो कोभिड-१९ महामारीले रोजगारी खोस्दा लाखौं श्रमिक प्रभावित भएका थिए । आज युद्धको सम्भावनाले रोजगारी गुम्ने जोखिम मात्र बढाएको छैन, कतिपय क्षेत्रमा मानवीय क्षति र ज्यानकै असुरक्षाको प्रश्नसमेत गम्भीर बनेको छ ।

साउदी अरबमा यमनका हुथी विद्रोहीले गरेका पछिल्ला आक्रमणले यो जोखिमलाई अझ स्पष्ट पारेका छन् । रियादस्थित किङ खालिद अन्तर्राष्ट्रिय विमानस्थललाई लक्षित गरी भएका आक्रमणमा मानिसहरूको ज्यान गएको, सयौं घाइते भएको र हवाई सेवा प्रभावित भएको विवरण सार्वजनिक भएका छन् । साउदी अरबका विभिन्न क्षेत्रमा क्षेप्यास्त्र तथा ड्रोन आक्रमणको जोखिमसमेत देखिएको छ । यी घटनाले मध्यपूर्वमा कार्यरत नेपाली श्रमिकका लागि सुरक्षा चिन्ता थप गहिरो बनाएका छन् ।

युद्धको असर कुनै एउटा देशको सीमाभित्र मात्रै सीमित रहँदैन । एउटा देशमा भएको आक्रमणले अर्को देशको सुरक्षा व्यवस्था, हवाई उडान, व्यापार, इन्धन आपूर्ति र श्रम बजारसम्म प्रभाव पार्न सक्छ । मध्यपूर्वका विभिन्न देशमा लाखौं नेपाली कार्यरत रहेकाले त्यहाँको सुरक्षा संकट नेपालको अर्थतन्त्र र सामाजिक जीवनसँग पनि प्रत्यक्ष रूपमा जोडिएको छ ।

यस्तो अवस्थामा नेपाल सरकारको भूमिका केवल परिस्थिति बिग्रिएपछि उद्धार गर्नेमा सीमित हुनु हुँदैन । सम्भावित संकटको पूर्वानुमान, कूटनीतिक पहल, नागरिकको सुरक्षाका लागि ठोस योजना र स्वदेशमै रोजगारी सिर्जना गर्ने दीर्घकालीन रणनीति अहिलेको आवश्यकता हो ।

### हुथी आक्रमण

साउदी अरबमा भएका पछिल्ला हुथी आक्रमणले मध्यपूर्वको सुरक्षा अवस्था कति छिटो बदलिन सक्छ भन्ने देखाएका छन् । विमानस्थलजस्तो महत्त्वपूर्ण नागरिक पूर्वाधारलाई लक्षित गरिँदा हवाई आवागमन अवरुद्ध हुन सक्छ, उडान रद्द हुन सक्छन् र हजारौं यात्रु प्रभावित हुन सक्छन् । द्वन्द्व विस्तार भएमा विदेशी नागरिकको सुरक्षित आवागमन र उद्धार झन् कठिन बन्न सक्छ ।

साउदी अरब, कतार, संयुक्त अरब इमिरेट्स, कुवेत, बहराइन र ओमानलगायतका देशमा नेपाली श्रमिक विभिन्न क्षेत्रमा कार्यरत छन् । सबै देशको सुरक्षा अवस्था एउटै छैन र सबै ठाउँमा समान जोखिम छ भन्नु पनि उचित हुँदैन । तर, एउटा देशमा भएको आक्रमणले क्षेत्रीय तनाव बढाउन सक्छ भन्ने सम्भावनालाई बेवास्ता गर्न मिल्दैन । हिजो कतारमा जोखिम थियो, आज साउदीमा देखिएको छ । भोलि यूएईमा हुन सक्छ अथवा पूरै मध्यपूर्व युद्धमा होमिने जोखिम छ ।

विशेषगरी निर्माण क्षेत्र, औद्योगिक प्रतिष्ठान, विमानस्थल, ऊर्जा पूर्वाधार र अन्य संवेदनशील क्षेत्रमा कार्यरत श्रमिकको सुरक्षा अवस्थाबारे सम्बन्धित नेपाली नियोगले नियमित मूल्यांकन गर्नुपर्छ । जोखिमको स्तरअनुसार नागरिकलाई सतर्क गराउने, सुरक्षित स्थानबारे जानकारी दिने र आवश्यक परे स्वदेश फर्कन सहयोग गर्ने संयन्त्र तयार हुनुपर्छ ।

नेपाल सरकारले हुथी आक्रमण वा अन्य कुनै घटनालाई केवल अन्तर्राष्ट्रिय समाचारका रूपमा हेरेर बस्नु हुँदैन । त्यसले नेपाली नागरिकको जीवन, रोजगारी र आवागमनमा पार्न सक्ने प्रभावको मूल्यांकन गर्नुपर्छ । संकटले ठूलो रूप लिएपछि मात्रै उद्धारको निर्णय गर्नु भनेको जोखिमलाई समयमै सम्बोधन गर्न नसक्नु हो ।

नेपालको अर्थतन्त्रमा वैदेशिक रोजगारीको योगदान महत्त्वपूर्ण छ । लाखौं नेपालीले मध्यपूर्वका विभिन्न देशमा श्रम गरेर पठाएको विप्रेषणबाट परिवारको जीविका चलेको छ, बालबालिकाको शिक्षा अघि बढेको छ र देशको विदेशी मुद्रा सञ्चितिमा समेत योगदान पुगेको छ । तर, यही अर्थतन्त्रको आधार बनेका श्रमिकहरू संकटमा पर्दा उनीहरूको सुरक्षा र भविष्य कति सुनिश्चित छ भन्ने प्रश्न बारम्बार उठ्ने गरेको छ ।

कोभिड-१९ महामारीका बेला अन्तर्राष्ट्रिय उडान बन्द हुँदा, उद्योग तथा व्यवसाय ठप्प हुँदा र श्रम बजार सङ्कुचित हुँदा नेपाली श्रमिकले ठूलो आर्थिक तथा मानसिक पीडा भोग्नुपरेको थियो । कतिपयले रोजगारी गुमाए, कतिपयले महिनौंसम्म तलब पाएनन् र कतिपयलाई स्वदेश फर्कनसमेत कठिनाइ भयो । त्यसबेलाको अनुभवबाट राज्यले पर्याप्त पाठ सिकेको छ कि छैन भन्ने प्रश्न अहिले पुनः सान्दर्भिक बनेको छ ।

युद्धको संकट महामारीभन्दा फरक हुन्छ । महामारीले स्वास्थ्य र आर्थिक प्रणालीमा दबाब सिर्जना गर्छ भने युद्धले प्रत्यक्ष रूपमा नागरिकको ज्यान, आवास, आवागमन, रोजगारी र आधारभूत सेवामा जोखिम निम्त्याउन सक्छ । द्वन्द्व फैलिँदै जाँदा विमानस्थल बन्द हुन सक्छन्, हवाई मार्ग परिवर्तन हुन सक्छन् र उद्धारका अवसरसमेत सीमित हुन सक्छन् ।

साउदी अरबमा विमानस्थललाई लक्षित गरी भएका आक्रमणले हवाई सेवा प्रभावित हुन सक्ने जोखिमलाई व्यवहारमै देखाएका छन् । त्यसैले नेपाली नागरिकलाई स्वदेश फर्काउने योजना परिस्थिति नियन्त्रणबाहिर पुगेपछि मात्र बनाउनु विवेकपूर्ण हुँदैन ।

सरकारले मध्यपूर्वका सबै देशमा एउटै अवस्था रहेको ठान्नु हुँदैन । प्रत्येक देशको सुरक्षा अवस्था, युद्धको सम्भावना, नेपाली श्रमिकको संख्या र उनीहरू कार्यरत क्षेत्रको जोखिम फरक हुन सक्छ । त्यसैले नेपालका सम्बन्धित निकायले देशगत र क्षेत्रगत जोखिम मूल्यांकन गरी चरणबद्ध कार्ययोजना बनाउनुपर्छ ।

पहिलो चरणमा सम्बन्धित नेपाली दूतावासमार्फत नेपाली नागरिकको अद्यावधिक विवरण संकलन गर्नुपर्छ । विशेषगरी जोखिमयुक्त क्षेत्रमा कार्यरत श्रमिक, परिवारसहित बसोबास गरिरहेका नेपाली, बिरामी, महिला, बालबालिका र अन्य संवेदनशील अवस्थामा रहेका नागरिकको विवरण व्यवस्थित गर्न आवश्यक छ । नागरिकको विवरण संकलन गर्दा व्यक्तिगत गोपनीयता र सुरक्षालाई पनि उत्तिकै महत्त्व दिनुपर्छ ।

दोस्रो चरणमा सम्भावित उद्धारका लागि आवश्यक हवाई सेवा, वैकल्पिक मार्ग, ट्रान्जिट व्यवस्था, उद्धार खर्च र नेपाल फर्किएपछि उपलब्ध गराउनुपर्ने सहयोगबारे पूर्वतयारी गर्नुपर्छ । नेपाली नागरिकलाई आवश्यक परे कहाँ सम्पर्क गर्ने, कुन माध्यमबाट सूचना प्राप्त गर्ने र आपत्कालीन अवस्थामा कसरी सुरक्षित स्थानमा पुग्ने भन्ने विषयमा स्पष्ट निर्देशन जारी गर्नुपर्छ ।

तेस्रो चरणमा युद्धको जोखिम उच्च भएका क्षेत्रका नागरिकलाई स्वेच्छिक रूपमा सुरक्षित स्थानमा सर्न वा स्वदेश फर्कन आवश्यक परे सहज वातावरण बनाइनुपर्छ । जोखिमको गम्भीरता हेरेर सरकारले समयमै निर्णय गर्न सक्नुपर्छ । नागरिकको सुरक्षा सुनिश्चित गर्नु राज्यको दायित्व हो । उद्धारको तयारी गर्नु कुनै राजनीतिक दलको लोकप्रियता बढाउने कार्यक्रम होइन, यो मानवीय जिम्मेवारी हो ।

सरकारले आवश्यकताअनुसार दूतावासमा आपत्कालीन सम्पर्क प्रणाली प्रभावकारी बनाउने, श्रमिकका गुनासा तत्काल सम्बोधन गर्ने र सम्भावित उद्धारका लागि आर्थिक स्रोत सुनिश्चित गर्ने काम पनि अघि बढाउनुपर्छ । संकटको समयमा नागरिकले सम्पर्क गर्न खोज्दा फोन नउठ्ने, सूचना नपाइने वा उद्धारको प्रक्रिया अस्पष्ट हुने अवस्था दोहोरिन दिनु हुँदैन ।

मध्यपूर्वमा विकसित हुने सुरक्षा परिस्थितिमा क्षेत्रीय शक्तिहरूका साथै अमेरिकालगायतका विश्वशक्तिको भूमिका पनि महत्त्वपूर्ण हुन्छ । त्यसैले नेपालले सम्बन्धित देशहरूसँग कूटनीतिक संवाद बढाउनुपर्छ । नेपाली श्रमिकको सुरक्षा, सम्भावित द्वन्द्वको प्रभाव न्यूनीकरण र संकटका बेला नागरिकको सुरक्षित आवागमन सुनिश्चित गर्ने विषयलाई प्राथमिकतामा राख्नुपर्छ ।

अमेरिकी निर्वाचन र त्यसपछिको नीतिगत परिवर्तनले मध्यपूर्वको कूटनीतिक तथा सुरक्षा वातावरणमा कस्तो प्रभाव पार्न सक्छ भन्ने विषयमा नेपालले सतर्कतापूर्वक विश्लेषण गर्नुपर्छ । तर, कुनै नेताको अभिव्यक्ति वा निर्वाचनपछिको सम्भावित नीतिलाई युद्ध निश्चित भएको प्रमाणका रूपमा लिनु उचित हुँदैन । युद्धसम्बन्धी जोखिमको मूल्यांकन आधिकारिक वक्तव्य, विश्वसनीय सुरक्षा विश्लेषण र घटनाक्रमका आधारमा गर्नुपर्छ ।

नेपालले अमेरिकी निर्वाचनको परिणाम वा कुनै सम्भावित राजनीतिक निर्णय पर्खेर मात्र तयारी गर्ने होइन । साउदी अरबमा भएका आक्रमण र मध्यपूर्वमा बढ्दो तनावले अहिले नै पूर्वतयारीको आवश्यकता देखाएका छन् । जोखिमको स्तर बढ्दै गएमा त्यसको असर नेपाली श्रमिकमाथि पर्न नदिन कूटनीतिक पहल पनि तत्काल सुरु हुनुपर्छ ।

नेपालले सम्बन्धित मुलुकका सरकार, नेपाली नियोग र आवश्यक अन्तर्राष्ट्रिय निकायसँग संवाद गरी नेपाली नागरिकको सुरक्षाका लागि सहयोगका संयन्त्र तयार गर्नुपर्छ । नेपाली नागरिकलाई सम्भावित सुरक्षा जोखिमबारे जानकारी दिने, आवश्यक परे सुरक्षित स्थानमा जान सहयोग गर्ने र स्वदेश फर्कनुपर्ने अवस्था आएमा सहजीकरण गर्ने विषयमा सम्बन्धित देशसँग स्पष्ट समझदारी आवश्यक छ ।

कूटनीति केवल औपचारिक भेटघाट र वक्तव्यमा सीमित हुनु हुँदैन । संकटका बेला नागरिकको उद्धारमा सहयोग, सुरक्षित आवागमन, श्रमिकको अधिकारको संरक्षण र आवश्यक मानवीय सहायताका विषयमा व्यावहारिक सहकार्य सुनिश्चित गर्न सक्नु नै प्रभावकारी कूटनीतिको उपलब्धि हो ।

मध्यपूर्वमा युद्धको जोखिम बढ्दा नेपाली श्रमिक त्रसित हुनुको एउटा प्रमुख कारण रोजगारी गुम्ने डर हो । तर, त्यसको अर्को पाटो अझ गम्भीर छ–रोजगारी गुमेपछि उनीहरू कहाँ जाने ? नेपाल फर्किएपछि परिवार कसरी पाल्ने ? ऋण कसरी तिर्ने ? बालबालिकाको शिक्षा र घरखर्च कसरी चलाउने ?

धेरै नेपाली श्रमिक वैदेशिक रोजगारीमा जानुअघि

> **युद्धको जोखिमले श्रमिकलाई दोहोरो मारमा पार्न सक्छ । एकातिर सुरक्षा र ज्यानको चिन्ता, अर्कोतिर रोजगारी र आम्दानी गुम्ने डर । स्वदेश फर्कन चाहे पनि ऋण, पारिवारिक दायित्व र भविष्यको अनिश्चितताले धेरैलाई निर्णय गर्न कठिन बनाउँछ । यही बाध्यतालाई बुझेर सरकारले श्रमिकका लागि सुरक्षित र सम्मानजनक विकल्प तयार गर्नुपर्छ ।**

ऋण लिन्छन् । कतिपयले आफ्नो जग्गा धितो राख्छन्, कतिपयले घरपरिवारको बचत खर्च गर्छन् र कतिपयले चर्को ब्याजमा रकम जुटाउँछन् । विदेश पुगेपछि कमाएको रकमको ठूलो हिस्सा ऋण तिर्न र परिवारको आधारभूत आवश्यकता पूरा गर्न खर्च हुन्छ । यस्तो अवस्थामा रोजगारी गुम्नु आर्थिक संकट मात्र होइन, वर्षौंको मेहनत र भविष्यको योजनामाथिको गम्भीर आघात पनि हो ।

युद्धको जोखिमले श्रमिकलाई दोहोरो मारमा पार्न सक्छ । एकातिर सुरक्षा र ज्यानको चिन्ता, अर्कोतिर रोजगारी र आम्दानी गुम्ने डर । स्वदेश फर्कन चाहे पनि ऋण, पारिवारिक दायित्व र भविष्यको अनिश्चितताले धेरैलाई निर्णय गर्न कठिन बनाउँछ । यही बाध्यतालाई बुझेर सरकारले श्रमिकका लागि सुरक्षित र सम्मानजनक विकल्प तयार गर्नुपर्छ ।

सरकारको जिम्मेवारी नागरिकलाई विदेशबाट फर्काउने तयारीमा मात्र सीमित रहन सक्दैन । स्वदेशमै सम्मानजनक रोजगारी सिर्जना गर्ने नीति पनि समानान्तर रूपमा अघि बढाउनुपर्छ । कृषि, पर्यटन, उद्योग, निर्माण, सूचना प्रविधि र साना तथा मझौला उद्यममा रोजगारी विस्तार गर्ने कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्छ । फर्किएका श्रमिकको सीप पहिचान गरी त्यसको उपयोग गर्ने, सहुलियतपूर्ण ऋण उपलब्ध गराउने र उद्यम सञ्चालनका लागि आवश्यक प्राविधिक तथा बजार सहयोग दिने व्यवस्था हुनुपर्छ । वैदेशिक रोजगारीलाई पूर्ण रूपमा निरुत्साहित गर्नु व्यावहारिक समाधान होइन । तर, आर्थिक बाध्यताका कारण नागरिकले जोखिमपूर्ण परिस्थितिमा पनि विदेशमै बसिरहनुपर्ने अवस्था अन्त्य गर्नु राज्यको दीर्घकालीन लक्ष्य हुनुपर्छ ।

नेपाली श्रमिकले विदेशमा पसिना बगाएर पठाएको विप्रेषणबाट देशको अर्थतन्त्र चलायमान हुन्छ । तर, संकटको समयमा उनीहरूको सुरक्षाको प्रश्न उठ्दा सरकारको तयारी कमजोर देखिनु हुँदैन । श्रमिकको योगदानलाई आर्थिक तथ्यांकमा मात्र सीमित गरेर हेर्न मिल्दैन । उनीहरू नागरिक हुन्, उनीहरूको जीवन र सम्मानको संरक्षण राज्यको आधारभूत दायित्व हो ।

साउदी अरबमा भएको आक्रमणले नेपाली श्रमिकको सुरक्षाबारे सरकारको जिम्मेवारीमाथि पर्याप्त प्रश्न उठाएको मात्र छैन, त्यसलाई स्पष्ट पनि बनाएको छ । संकटले राष्ट्रियता, राजनीतिक आस्था वा आर्थिक हैसियत हेर्दैन । युद्धको जोखिममा पर्ने श्रमिक जुनसुकै जिल्ला, समुदाय वा राजनीतिक पृष्ठभूमिका भए पनि उनीहरू सबै नेपाली नागरिक हुन् । त्यसैले उनीहरूको सुरक्षा सुनिश्चित गर्ने विषयमा राष्ट्रिय सहमति र साझा प्रतिबद्धता आवश्यक छ । सरकारले श्रमिकका परिवारलाई पनि सम्भावित संकटबारे समयमै जानकारी दिनुपर्छ । गलत सूचना र अपुष्ट समाचारले त्रास फैलाउन सक्छन् । त्यसैले परराष्ट्र मन्त्रालय, श्रम मन्त्रालय र सम्बन्धित नेपाली दूतावासबीच समन्वय गरेर नियमित सूचना प्रणाली सञ्चालन गर्नुपर्छ । आपत्कालीन सम्पर्क नम्बर, सुरक्षित स्थान, यात्रासम्बन्धी निर्देशन र उद्धार प्रक्रियाबारे विश्वसनीय सूचना सार्वजनिक गरिनुपर्छ ।

साथै, उद्धारका नाममा हुने सम्भावित आर्थिक शोषण र ठगी नियन्त्रण गर्न पनि आवश्यक छ । संकटको समयमा श्रमिकको विवशताको फाइदा उठाउने व्यक्ति वा संस्थामाथि निगरानी बढाउनुपर्छ । सरकारले आफ्ना नागरिकलाई सही सूचना, आवश्यक सहयोग र भरपर्दो सम्पर्क माध्यम उपलब्ध गराउन सक्नुपर्छ ।

युद्धको जोखिम कहिले र कति विस्तार हुन्छ भन्ने कुरा अहिले नै निश्चित रूपमा भन्न सकिँदैन । तर, अनिश्चितता छ भन्दैमा तयारी नगर्नु झन् ठूलो जोखिम हो । सम्भावित संकटको गम्भीरता मूल्यांकन गरेर समयमै कदम चाल्नु नै जिम्मेवार शासनको पहिचान हो । नेपाल सरकारले अहिले नै मध्यपूर्वमा रहेका नेपाली नागरिकको सुरक्षा अवस्थाको समीक्षा गर्नुपर्छ । जोखिमयुक्त क्षेत्रको पहिचान, दूतावासको क्षमता विस्तार, उद्धार योजनाको निर्माण, आवश्यक आर्थिक स्रोतको व्यवस्थापन र सम्बन्धित मुलुकसँग कूटनीतिक संवादलाई तीव्रता दिनुपर्छ । परिस्थितिअनुसार सुरक्षित स्वदेश फिर्ती, स्वैच्छिक फिर्ती वा अन्य उपयुक्त सुरक्षात्मक उपाय अपनाउन सक्ने तयारी हुनुपर्छ । साउदी अरबमा हुथी आक्रमणका घटनाले सम्भावित जोखिमलाई बेवास्ता गरेर बस्ने सुविधा नेपाललाई छैन भन्ने सन्देश दिएका छन् । आज आक्रमणको समाचार टाढाको घटनाजस्तो लाग्न सक्छ, तर भोलि त्यसले उडान अवरुद्ध पार्न सक्छ, रोजगारी संकट निम्त्याउन सक्छ वा नेपाली श्रमिकलाई तत्काल उद्धार गर्नुपर्ने परिस्थिति सिर्जना गर्न सक्छ । त्यसैले सरकारको तयारी घटनापछि प्रतिक्रिया जनाउनेभन्दा पहिले नै जोखिम न्यूनीकरण गर्ने दिशामा केन्द्रित हुनुपर्छ । सँगसँगै, रोजगारी गुमाएर फर्किनुपर्ने श्रमिकका लागि पुनःस्थापना, सीप उपयोग, रोजगारी र उद्यमशीलतासम्बन्धी कार्यक्रम तयार गरिनुपर्छ । विदेशमा कमाएको सीप र अनुभवलाई देशको उत्पादनशील क्षेत्रमा उपयोग गर्ने अवसर सिर्जना गर्नुपर्छ ।

कोभिडका बेला देखिएका कमजोरीहरू दोहोरिन नदिनु अहिलेको प्रमुख चुनौती हो । नागरिक संकटमा परेपछि मात्र राज्य सक्रिय हुने पुरानो अभ्यास बदलिनुपर्छ ।

बालेन सरकारको सफलता उद्धारको संख्याले मात्र होइन, संकट आउनुअघि कति नागरिकलाई जोखिमबाट जोगाउन सक्यो र विदेशबाट फर्किएका श्रमिकलाई स्वदेशमै कति रोजगारी दिन सक्यो भन्ने आधारमा पनि मूल्यांकन गरिनुपर्छ । मध्यपूर्वमा रहेका नेपालीहरू केवल विप्रेषण पठाउने श्रमिक होइनन्, उनीहरू परिवारका आशा, गाउँका आधार र राष्ट्रका महत्वपूर्ण नागरिक हुन् । उनीहरूको सुरक्षालाई आर्थिक लाभको तुलनामा गौण ठान्न मिल्दैन । युद्धको बादल गाढिँदै जाँदा नेपालले प्रतीक्षा होइन, पूर्वतयारी रोज्नुपर्छ ।

संकट आउनुअघि नागरिकको सुरक्षा सुनिश्चित गर्ने राज्य नै जिम्मेवार राज्य हो । नेपाली श्रमिकले परदेशमा पसिना बगाउँदा देशले विप्रेषण पाउँछ भने संकटका बेला उनीहरूको जीवन जोगाउने दायित्वबाट देश पछि हट्न मिल्दैन । यो शिलापत्रडटकमबाट साभार गरिएको छ ।


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

- **मेष :** स्वास्थ्यमा समस्या हुनेछ । शिक्षामा ढिलासुस्ती हुनेछ ।
- **वृष :** ठुला व्यक्तिसंगको भेटले मन शान्त बन्नेछ ।
- **मिथुन :** शुभकार्यमा सहभागी हुने अवसर मिल्ने छ ।
- **कर्कट :** महत्वपूर्ण काममा सफलता मिल्ने दिन छ ।
- **सिंह :** धार्मिक कार्यमा सहभागी भएर दिनको सुरुवात गरेमा दैनिकी सहज बन्नेछ ।
- **कन्या :** अरुको झगडाले तपाईलाई फाइदा हुनेछ ।
- **तुला :** राज्यको तर्फबाट सेवाको अवसर मिल्ने छ ।
- **वृश्चिक :** आज पढाइमा रुचि बढ्ने योग छ ।
- **धनु :** अरुको गलत निर्णयको फन्दामा पर्ने जोखिम छ ।
- **मकर :** हरेक क्षेत्रमा प्रगति हुनेछ ।
- **कुम्भ:** साथीभाइसंगको भेटले मनमा खुशी मिल्ने छ ।
- **मीन:** शिक्षाको लगानीबाट फाइदा हुनेछ । परिवारसंगको सम्बन्ध सुमधुर बन्नेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वेको समय तालिका

### जनकपुरधाम - जयनगर

| | |
|---|---|
| बिहान :- | ८:३५ बजे |
| दिउँसो :- | ११:४५ बजे |
| बेलुका :- | १५:१५ बजे |

### जयनगर - जनकपुरधाम

| | |
|---|---|
| बिहान :- | १०:०० बजे |
| दिउँसो :- | १३:४५ बजे |
| बेलुका :- | १६:४५ बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# एनपीएलको तयारी पुरा, ७० करोडको आर्थिक कारोबार हुने




**टुडे समाचारदाता**

काठमाण्डू । नेपाल प्रिमियर लिग (एनपीएल) को तेस्रो संस्करणको सम्पूर्ण औपचारिक तथा प्राविधिक तयारी पूरा भएको छ । नेपाल क्रिकेट सङ्घ (क्यान) ले पत्रकार सम्मेलनमार्फत कीर्तिपुर स्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा भोलिदेखि सुरु हुने यस महाकुम्भको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिएको छ ।

नेपाली क्रिकेट इतिहासमै यसपटक आर्थिक र व्यवस्थापकीय दुवै दृष्टिले एनपीएललाई अत्यन्तै भव्य रूपमा सञ्चालन गर्ने क्यानको योजना रहेको छ ।

यस वर्षको प्रतियोगितामा कुल ७० करोड रुपैयाँ बराबरको आर्थिक कारोबार हुने क्यानले उच्च अपेक्षा राखेको छ भने विभिन्न शीर्षकबाट करिब २० करोड रुपैयाँ आम्दानी हुने अनुमान गरिएको छ । विजेता टिमका लागि पुरस्कार राशिमा पनि भारी वृद्धि गरिएको छ । क्यानका अनुसार तेस्रो संस्करणको विजेता टोलीले नगद डेढ करोड रुपैयाँ प्राप्त गर्नेछ भने उपविजेताले ८० लाख, तेस्रो हुने टोलीले ४० लाख र चौथो स्थान हासिल गर्ने टिमले ३० लाख रुपैयाँ पुरस्कार हात पार्नेछन् । विदेशी स्टार खेलाडीहरूको आगमन र उच्च सुरक्षा प्रबन्धसहित सुरु हुन लागेको यो प्रतियोगिताले नेपाली क्रिकेटमा नयाँ आर्थिक तथा व्यावसायिक युगको सूत्रपात गर्ने विश्वास लिइएको छ ।

# राजदेवी मन्दिरमा करीब १५ हजार बलिप्रदान

**टुडे समाचारदाता**

जनकपुरधाम । बडादशैंको महाष्टमीका अवसरमा जनकपुरधामस्थित प्रसिद्ध शक्तिपीठ राजदेवी मन्दिरमा करीब १५ हजार बोकाबली प्रदान भएको छ । आइतबार राति ८ बजेर ३१ मिनेटदेखि सुरु भएको बोकाबली सोमबार बिहान ३ बजेर ५३ मिनेटमा सम्पन्न भएको हो ।



राजदेवी माताप्रति आस्था राख्ने श्रद्धालुहरूले भाकल पूरा भएको तथा धार्मिक परम्पराअनुसार मन्दिरमा १४ हजार ८९१ वटा बोका बलि प्रदान गरेका छन् । बोकाबली सुरु हुनुअघि मन्दिरमा परम्पराअनुसार निशा पूजा गरिएको थियो । राम मन्दिरका महन्त राम गिरीले निशा पूजा गरेपछि बोकाबली प्रदान सुरु भएको थियो ।

महाष्टमीको रात राजदेवी माताको दर्शन तथा पूजाआजा गर्न नेपालका विभिन्न स्थानका साथै भारतबाट समेत श्रद्धालुहरू जनकपुरधाम पुगेका थिए । बोकाबली प्रदानलाई व्यवस्थित बनाउन महावीर युवा कमिटीले मन्दिर परिसरमा चारवटा ठेहा अर्थात् बलि प्रदान गर्ने स्थानको व्यवस्था गरेको थियो ।

कमिटीका स्वयंसेवकहरूले बलि प्रदान, पूजा व्यवस्थापन तथा श्रद्धालुको आवागमनलाई सहज बनाउन सहयोग गरेका थिए । राजदेवी मन्दिरमा बडादशैंको महाष्टमीका अवसरमा बोकाबली प्रदान गर्ने परम्परा लामो समयदेखि चल्दै आएको छ ।

भाकल पूरा भएपछि तथा धार्मिक आस्थाका आधारमा श्रद्धालुहरूले राजदेवी मातालाई बोका चढाउने गरेका छन् । उपलब्ध तथ्यांकअनुसार राजदेवी मन्दिरमा बोकाबलीको संख्या वर्षअनुसार घटबढ हुँदै आएको छ ।

गत वर्ष २०८२ मा १४ हजार ९०३ वटा बोका बलि प्रदान गरिएको थियो । यस वर्ष भने गत वर्षको तुलनामा १२ वटा कम बोका बलि प्रदान गरिएको छ ।

यसअघि २०८० सालमा १५ हजार २५१ र २०८१ सालमा १५ हजार ४ वटा बोका बलि प्रदान गरिएको तथ्यांक छ । विगतका वर्षहरूमा बोकाबलीको संख्या ११ हजारदेखि १५ हजारको हाराहारीमा रहने गरेको देखिन्छ। राजदेवी मन्दिरमा महाष्टमीको रात हुने बोकाबली जनकपुरधामको प्रमुख धार्मिक गतिविधिमध्ये एक हो ।

सो अवसरमा श्रद्धालुहरूको उल्लेख्य उपस्थिति रहने भएकाले मन्दिर परिसरमा पूजा व्यवस्थापन, सुरक्षा तथा आवागमनलाई व्यवस्थित बनाउन स्थानीय युवा कमिटी र सम्बन्धित निकायले भूमिका निर्वाह गर्दै आएका छन् ।

# ट्रक र इभी गाडी ठोक्किँदा १२ जना घाइते

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको ईश्वरपुर नगरपालिका-१२ स्थित बाँके जङ्गलमा ट्रक र ईभी गाडी एकआपसमा ठोक्किँदा १२ जना घाइते भएका छन् । शनिबार भएको दुर्घटनामा घाइतेमध्ये एक जनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ ।



प्रहरीका अनुसार सर्लाहीबाट पूर्वतर्फ बर्दिवास जाँदै गरेको मधेश प्रदेश ०४-००१ ज ००५७ नम्बरको ईभी गाडी र विपरीत दिशाबाट आउँदै गरेको प्रदेश १-०२-००२ ख १३२४ नम्बरको ट्रक एकआपसमा ठोक्किएका थिए । दुर्घटनामा ईभीमा सवार १२ जना घाइते भएका हुन् ।

दुर्घटनामा बाराको महागढीमाई नगरपालिका-६ का ४१ वर्षीय कामेश्वर सहनी र वडा नम्बर ९ का ४८ वर्षीय राजेन्द्र राम घाइते भएका छन् ।

त्यस्तै, बाराको सुवर्ण गाउँपालिका-४ का ३७ वर्षीय रञ्जित राम, ४५ वर्षीय भवन राम, ४० वर्षीय रामदेव राम, ४० वर्षीय विनोद राम र ४७ वर्षीय रुदल राम तथा सुवर्ण गाउँपालिका-७ का ६३ वर्षीय हरिहर राम घाइते भएका छन् ।

यसैगरी, कलैया उपमहानगरपालिका-२६ का ३७ वर्षीय नन्दन राम र ३७ वर्षीय उमेश राम, पचरौता नगरपालिका-७ का ५५ वर्षीय रामसन्देश राम तथा सिम्रौनगढ नगरपालिका-४ का ४० वर्षीय नवलकिशोर राम पनि दुर्घटनामा घाइते भएको प्रहरीले जनाएको छ ।

घाइतेमध्ये सुवर्ण गाउँपालिका-४ का ३७ वर्षीय रञ्जित रामको अवस्था गम्भीर रहेको छ । उनलाई थप उपचारका लागि कलैयास्थित एलएस न्युरो अस्पताल पठाइएको प्रहरीले जनाएको छ ।

अन्य घाइतेको लालबन्दीस्थित मोडेल अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका सूचना अधिकारी एवं प्रहरी निरीक्षक किशोर केसीले जानकारी दिए । दुर्घटनामा संलग्न दुवै सवारीसाधनलाई प्रहरी चौकी फूलजोरमा ल्याएर राखिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरी निरीक्षक केसीले बताए ।

# यौनदुर्व्यवहारको आरोपमा चारजना पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । बालिकामाथि यौन दुर्व्यवहार गरेको आरोपमा धनुषा प्रहरीले चार जना पक्राउ परेका छन् ।

दशैंको मेला हेरेर घर फर्किरहेका एक युवक र एक बालिकालाई घेरा हाली भिडियो सामाजिक सञ्जालमा सार्वजनिक गरिदिने धम्की दिएर रकम असुली गरेको तथा बालिकामाथि यौन दुर्व्यवहार गरेको आरोपमा प्रहरीले तिनीहरुलाई पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार घटना कार्तिक ४ गते राति करिब ८ बजे जनकपुरधाम उपमहानगरपालिका-२० मा भएको हो । मेला हेरेर पैदलै बसैलातर्फ फर्किरहेका युवक र बालिकालाई दुईवटा मोटरसाइकलमा आएका चार जनाको समूहले बाटो छेकेर धम्क्याएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार आरोपितहरूले दुवै जनालाई घेरा हाली भिडियो बनाएका थिए । उक्त भिडियो सामाजिक सञ्जालमा अपलोड गरिदिने भन्दै धम्की दिनुका साथै पीडितका अभिभावकलाई फोन गरेर रकम मागेको आरोप छ ।

उनीहरूले मोबाइल बैंकिङमार्फत ६ हजार रुपैयाँसमेत ट्रान्सफर गर्न लगाएको प्रारम्भिक अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

# ईभीले स्कूटर र मोटरसाइकलाई ठक्कर दिंदा एकको मृत्यु

**टुडे समाचारदाता**

जलेश्वर।महोत्तरीकोबर्दिबास नगरपालिका-३ कालापानीमा ईभीले मोटरसाइकल र स्कुटरलाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन् ।

भिमानबाट बर्दिबासतर्फ आउँदै गरेको बा.प्र.०१-००७ ख १७८६ नम्बरको ईभीले मंगलबार विपरीत दिशाबाट आउँदै गरेको प्र२-०२-००४ प ८५८५ नम्बरको मोटरसाइकल र बा.९२ प ५५३० नम्बरको स्कुटरलाई ठक्कर दिएको हो ।

दुर्घटनामा गम्भीर घाइते भएका मोटरसाइकल चालक धनुषाको मिथिला नगरपालिका-११ घर भई हाल बर्दिबास नगरपालिका-१ गालटार बस्दै आएका ४० वर्षीय सुजनबहादुर मगरको उपचारका क्रममा मृत्यु भएको छ । उनको मंगलबार दिउँसो १ बजेर ४२ मिनेटमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा मगरकी ३५ वर्षीया श्रीमती फुलकुमारी थापा र तीन वर्षीया छोरी सिसाकुमारी थापा गम्भीर घाइते भएका छन् ।

त्यस्तै, स्कुटर चालक सिन्धुलीको दुधौली नगरपालिका-३ ढुंगाटोलका २४ वर्षीय रमेश चौधरी मध्यम घाइते भएका छन् । घाइते तीनै जनाको बर्दिबासस्थित जनसेवा अस्पतालमा उपचार भइरहेको छ ।

ठक्करपछि ईभी सडकबाट करिब १० फिट तल खसेको थियो । ईभीमा सवार यात्रुहरू भने सकुशल रहेको र उनीहरू गन्तव्यतर्फ लागिसकेको प्रहरीले जनाएको छ ।

दुर्घटनापछि ईभी चालक फरार भएका छन् । उनको खोजी कार्य भइरहेको इलाका प्रहरी कार्यालय बर्दिबासले जनाएको छ । ईभीका सहचालक सप्तरीको राजविराज नगरपालिका-७ का २२ वर्षीय मिलन साह भने प्रहरीको सम्पर्कमा आएका छन् । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


## सामाजिक विकास र अनुसन्धान केन्द्र (SDRC), धनुषा

## सिलबन्दी दरभाउ पेश गर्ने बारेको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०७/०९**

सामाजिक विकास र अनुसन्धान केन्द्र (SDRC) प्रदेश र केन्द्र स्तरमा एउटा अग्रिनी गैर सरकारी र गैर नाफामुलक संस्था हो जुन नेपालको १० वटा जिल्लामा विभिन्न दातृ निकायहरु को सहकार्य र सहयोगमा विभिन्न परियोजना मार्फत आफ्ना कार्यक्रम स्थापनाकाल देखि नै बिगत ३१ बर्ष देखि अनवरत रुपमा संचालन गर्दै आईरहेको छ । हाल प्लान इन्टरनेशनल नेपालको साझेदारमा सञ्चालित सशक्त बालिका परियोजना कार्यक्रम अन्तर्गत तपसिलका उल्लेखित सामानहरु Dignity Kit र Hygiene Kit खरिदका लागि टेण्डर प्रक्रिया मार्फत सामाग्री खरिद गर्नुपर्ने भएकाले इच्छुक इजाजत प्राप्त दर्तावाला सप्लायर्स/फर्महरुले यो सुचना प्रकाशन भएको मितिले ७ दिन (मिति २०८३ कार्तिक १५ गते) भित्र सामाजिक विकास र अनुसन्धान केन्द्र, मिल्स एरिया १ जनकपुरधामको कार्यालयमा तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही कार्यालय समयमा सिलबन्दी कोटेशनमार्फत दरभाउ पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| S.N | Items | Unit | Qty |
|---|---|---|---|
| 1 | Dignity Kit | Sets | 100 |
| 2 | Hygiene Kit | Sets | 100 |

१) सिलबन्दी टेण्डरको सक्कल फारम संस्थाको कार्यालय जनकपुरधाम, मिल्स एरिया १, धनुषाबाट मिति २०८३ साल कार्तिक ०९ गतेवाट कार्यालय समय भित्रमा सप्लायर्सको दर्ता प्रमाण पत्र, आ.व. २०८२/२०८३ को कर चुक्ता प्रमाण पत्र र भ्याट दर्ता प्रमाण पत्र प्रतिलिपीका साथ निवेदन दिई प्रत्यक्ष उपस्थिति भई वा अनलाईन मार्फत तपसिल Drive Link बाट डाउनलोड समेत गर्न सकिने छ । https://drive.google.com/drive/folders/1qTB3UlpUzTf_28AZSCDvw-O48DqZ6OHj?usp=drive_link

२) सिलबन्दी दरभाउ पेश गर्दा फर्म वा सप्लायर्सको दर्ता प्रमाण पत्र, आ.व. २०८२/२०८३ को कर चुक्ता प्रमाण पत्र भ्याट दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपीका टेण्डरको सक्कल फारम, बैंक भौचर तथा बैक ग्यारेन्टी, एक एक प्रति नमुना तथा फर्मको निवेदन सहित सिलबन्दी गरी मिति २०८३ साल कार्तिक १५ गते ५:०० वजे भित्र पेश गर्नुपर्नेछ ।

३) संस्थाले माग गरेको सामाग्रीहरु संस्थाको कार्यालयसम्म ढुवानी र लोड अनलोडक सम्मको कार्य फर्म वा सप्लायर्स स्वयंले गर्नुपर्नेछ ।

४) सिलबन्दी दरभाउ पेश गर्दा सम्बन्धित फर्म वा सप्लायर्सले संस्थाको आर्थिक तथा प्रशासनिक नियमावलीमा उल्लेख भए बमोजिम उल्लेखित रकमको २.५% विड रकमको बैंक ग्यारेन्टी वा यस संस्थाको राष्ट्रिय बाणिज्य बैंकमा रहेको खाता.नं.१२२०१००००४३०४००१ मा जम्मा गरी सो को सक्कल भौचर टेण्डरसँगै पेश गर्नुपर्नेछ र छनौट नभएको फर्मको विड रकम फिर्ताका लागि निवेदनका आधारमा AC Payee चेक मार्फत फिर्ता गरिनेछ भने छनौटमा परेको फर्मको विड रकम फर्मसँगको सम्झौता अनुसार कार्य सम्पन्न भए पश्चात मात्र भुक्तानी गरिनेछ अन्यथा विड रकम जफत गरिनेछ ।

५) फारम भर्दा केरमेट गरेको स्थानमा हस्ताक्षर गरेको हुनुपर्नेछ भने विड रकम र अक्षर दुवै स्पष्ट हुनुपर्नेछ अन्यथा सो फारम पेश गर्ने फर्म स्वतः रद्ध हुनेछ ।

६) प्राप्त बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार संस्थामा निहित हुनेछ भने फर्मको मुल्याङ्कन गर्दा फर्म वा सप्लायर्सले संस्थामा पेश गरेको नमुना र आवश्यक परेको खण्डमा सामाग्री उपलब्ध गराउन सक्ने सामर्थ्यलाई समेत आधार मानिनेछ साथै उल्लेखि शर्तहरु पालना नगरेका वा रित नपुगी आएका फर्म वा सप्लायर्सहरु माथी कुनै कारवाही गरिने छैन ।

७) दर्ता भएका सिलबन्दी टेण्डर फारमहरु फर्म वा सप्लायर्सको प्रतिनिधिहरुको रोहवरमा संस्थाको शाखा कार्यालय जनकपुरधाम, मिल्स एरिया १ धनुषामा टेण्डर बुझाउने अन्तिम दिनको भोलीपल्ट मिति २०८३ कार्तिक १६ गते दिनको २:०० बजे खोलिनेछ भने सप्लायर्सको प्रतिनिधि अनुपस्थिती वा ढिलो उपस्थिती भएमा पनि प्रकृया अगाडी बढाइने छ ।

८) सस्थाको बालबालिका तथा युवा व्यक्तिहरुको संरक्षण, सुचना सुरक्षण निति तथा सस्थाको अन्य निति तथा नियमहरु पुर्ण रुपले पालना गर्नुपर्नेछ अन्यथा खरिद प्रक्रियामा सामेल गराइनेछैन ।

९) टेण्डर खोल्ने दिन Dignity Kit र Hygiene Kit को एक सेट नमुना अनिवार्य लिएर आउनुपर्ने छ ।

१०) कुनै एक व्यक्ति वा सप्लायर्सको नाममा १ वटा भन्दा बढि दरभाऊ पेश गर्न पाईनेछैन ।

**पुनश्च**: दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा विदाको भोलिपल्ट पनि दरभाउपत्र पेश गर्न सकिनेछ ।

**सर्म्पकको लागि**

सामाजिक बिकास र अनुसन्धान केन्द्र (SDRC), जनकपुरधाम

सम्पर्क नं. ०४१-५९०३७६, ९८०१६६९८९७

ईमेल : sdrcjanakpur@gmail.com



## श्री आधारभूत विद्यालय खजनपुर

औरही गा.पा.-३, खजनपुर

जि.-सिरहा, मधेश प्रदेश (नेपाल)

## शिक्षक आवश्यकता सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८३/०७/०९**

प्रस्तुत विषयमा यस विद्यालयको रिक्त रहेको प्रा.शि. तृतीय राहत अनुदानकोटाको पदपुर्तिको लागि गाउँ कार्यपालिकाको कार्यालय औरही सिरहाको मिति २०८३/०६/१२ को च.नं. २८४ को विज्ञापन अनुमति पत्र तथा यस विद्यालयको वि.व्य.स.को मिति २०८३/०७/०३ को निर्णय बमोजिम तपसिल अनुसारका योग्यता पुगेका उम्मेदवारहरुलाई दरखास्त पेश गर्नु हुन् अनुरोध छ। यो सूचना प्रकाशित भएको मितिले सार्वजनिक विदा बाहेक १५ (पन्द्रह) दिन (मिति २०८३/०८/०३ गते कार्यालय समय) भित्र सम्बन्धित कागजात सहित आवेदन पेश गर्नु हुन् यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः-

१. **विज्ञापन नं.** ०१/०८३/०८४
२. **तह**: प्रा.शि.तृतीयं राहत अनुदान
३. **श्रेणी**: तृतीय
४. **पद संख्या**: १ (एक)
५. **नियुक्तिको किसिम**: अस्थायी/करार
६. **शैक्षिक योग्यता**: आई.एड वा सो सरह
७. **उमेर**: १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
८. **आवेदन दस्तुर**: रु.१०००/- (अक्षरेपी रु. एक हजार मात्र)
   **नोट**:- यस विद्यालयको चल्ती हिसाब नं. ११२००७२८६४८०००११ मा एनएमबी बैंक शाखा औरहीमा जम्मा गरेको सक्कल भौचर आवेदन साथ पेश गर्नु पर्नेछ ।
९. **परीक्षाको किसिम**: लिखित, अन्तवार्ता आवश्यक परेमो प्रयोगात्मक समेत हुनेछ ।
१०. **तलब वा अन्य सुविधा**: नेपाल सरकारको प्रचलित स्केल बमोजिम ।
११. **आवेदन पेश गर्ने स्थान**: श्री आ.वि. खजनपुर, औरही-३, सिरहा ।
१२. **आवेदन दिने मिति** :- २०८३/०७/०९ गते २०८३/०८/०३ गते सम्म ।
१३. सम्पर्क मिति पछि तोकिने छ ।
१४. **परीक्षा मिति र स्थान**: सम्पर्क मितिको दिन तोकिने छ ।
१५. **आवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः-**
   - शिक्षक पदका लागि हस्त लिखित निवेदन ।
   - नेपाली नागरिकताको प्रतिलिपि ।
   - शैक्षिक योग्यता प्रमाण पत्रको प्रतिलिपि ।
   - स्थायी अध्यापन अनुभति पत्रको प्रतिलिपि ।
   - निरोगिता प्रमाण पत्रको प्रतिलिपि ।
१६. आवेदकले दरखास्त फाराममा फोटो टाँसी एउटा नेपाली फाइलमा आवश्यक कागजातहरु थप (२) दुई वटा फोटो सहित पेश गर्नु पर्नेछ ।
१७. थप जानकारीको लागि सम्पर्क नं.: ९८१४७७३१५१, ९७०४६०८२५०, ९८०७८९९७०७

**प्रधानाध्यापक**



## अल स्टार स्पोर्ट्स म्यानेजमेन्ट प्रा.लि. हेटौडा-५ द्वारा प्रस्तावित स्पोर्ट्स कम्प्लेक्स सहितको रंगशालाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को क्षेत्र निर्धारण सम्बन्धी

## सार्वजनिक सूचना

(वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४ को उपनियम (२) सँग सम्बन्धित)

**प्रकाशन मितिः २०८३/०७/०९**

बागमती प्रदेश, मकवानपुर जिल्ला, हेटौंडा उपमहानगरपालिका वडा नं. ५ स्थित अल स्टार स्पोर्ट्स म्यानेजमेन्ट प्रा.लि.द्वारा मधेश प्रदेश, बारा जिल्ला, जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. १६, सखुवाघाटमा स्पोर्ट्स कम्प्लेक्ससहितको रंगशाला निर्माण गर्ने प्रस्ताव गरिएको छ।

| | |
|---|---|
| प्रस्तावको ब्यहोरा : | मधेश प्रदेश, बारा जिल्ला, जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. १६, सखुवाघाट स्थित कित्ता नं. ७, ८, ९, १०, ११, १२, १३, १४, १५, १६, १७, १८, २४६, २५०, २५१, २५२, २६१, २६२, २६३, २६४, २६५ र ३३१ को कुल २ ९-१४-१२ (बि-क-धु) क्षेत्रफलको जग्गामा २५,००० दर्शक क्षमताको स्पोर्ट्स कम्प्लेक्ससहितको रंगशाला निर्माण तथा सञ्चालन गर्ने प्रस्ताव रहेको छ। उक्त प्रस्तावबाट वातावरणमा पर्न सक्ने सम्भावित अनुकूल तथा प्रतिकूल प्रभावहरूको पहिचान गरी वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययनको दायरा निर्धारण गर्न क्षेत्र निर्धारण (Scoping) प्रतिवेदन तयार गरिनेछ। |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. : | जिल्ला बारा, जीतपुरसिमरा उपमहानगरपालिका |

उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा स्थानीय भौतिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणमा पर्न सक्ने सम्भावित प्रभावहरू सम्बन्धमा सम्बन्धित स्थानीय तह, विद्यालय, स्वास्थ्य संस्था, सरोकारवाला तथा सर्वसाधारणबाट राय-सुझाव सङ्कलन गर्न यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धमा कुनै राय-सुझाव भएमा सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा लिखित रूपमा उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावको लागी पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| सम्बन्धित कार्यालयः | जिल्ला खेलकुद विकास समिति,कलैया, बारा |
| सम्बन्धित पालिका | श्री जीतपुरसिमरा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय जीतपुर, बारा<br>सम्पर्क नं.: ०५३-४१२१७३<br>इमेलः jeetpursimarasubmetropolitan@gmail.com |
| सम्बन्धित वडा कार्यालय | जीतपुरसिमरा उपमहानगरपालिका, १६ नं. वडाको कार्यालय, सखुवाघाट, बारा |
| प्रस्तावकको नाम र ठेगानाः | नामः- अल स्टार स्पोर्टस म्यानेजमेन्ट प्रा.लि.<br>ठेगानाः- मकवानपुर, हेटौडा उप.म.न.पा वार्ड नं.५, सिचाई टोल<br>सम्पर्क नं:- ९८५५०६९९६९ / ९८५५०२९३८७<br>इमेलः allstarssportsmanagement@gmail.com |
| परामर्शदाताको नाम र ठेगानाः | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि., बिरगंज-१६, पर्सा ।<br>सम्पर्क नं.: ९८५१००६६४३<br>इमेलः shambhuprasadchaurasia@gmail.com |

# ट्राफिक नियम उल्लंघन गर्ने १९ मोटरसाइकल प्रहरी नियन्त्रणमा



**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीबाट दशैंको अवसरमा जिल्लाका विभिन्न स्थानमा लाग्ने मेलामा मोटरसाइकल मोडिफाई गरी चर्को आवाज निकाल्ने, अनावश्यक हर्कत गर्ने तथा ट्राफिक नियम उल्लंघन गर्ने १९ वटा मोटरसाइकललाई प्रहरीले नियन्त्रणमा लिएको छ।

चाडपर्वका बेला मेलामा हुने उच्छृृ ल गतिविधि नियन्त्रण गर्न तथा सर्वसाधारणको सुरक्षा र सडक अनुशासन कायम राख्न प्रहरीले सक्रियता बढाएको थियो।

मोटरसाइकलको स्वरूप परिवर्तन गरी ठूलो आवाज निकाल्ने, सडकमा जथाभावी सवारी चलाउने र ट्राफिक नियमको बेवास्ता गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न प्रहरीले निगरानी तथा चेकजाँचलाई तीव्र बनाइएको थियो जनाएको छ।

यस्ता गतिविधिले ध्वनि प्रदूषण बढाउनुका साथै मेला भर्न आएका सर्वसाधारण, बालबालिका, ज्येष्ठ नागरिक तथा अन्य सवारी चालकलाई समेत असहज बनाउने र दुर्घटनाको जोखिम बढाउने गर्छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक पञ्चलाल गोलेका अनुसार मोडिफाई गरी ठूलो आवाज निकाल्ने, सार्वजनिक सडकमा अनावश्यक हर्कत गर्ने तथा ट्राफिक नियम उल्लंघन गर्ने गतिविधि नियन्त्रण गर्न आवश्यक छ।

प्रहरीले चाडपर्व मनाउने क्रममा ट्राफिक नियमको पूर्ण पालना गर्न, सवारीसाधनको स्वरूप तथा ध्वनि प्रणालीमा गैरकानुनी परिवर्तन नगर्न र सार्वजनिक शान्ति खलल पुग्ने गतिविधि नगर्न सवारी चालकलाई आग्रह गरेको थियो।

# ७ लाख बढीको सामान बरामद

**टुडे समाचारदाता**

लहान। सशस्त्र प्रहरीले सिरहाका विभिन्न सीमा क्षेत्रबाट करिब ७ लाख ७२ हजार ६२० रुपैयाँ बराबरका सामान बरामद गरेको छ।

अवैध रूपमा सामान ओसारपसार भइरहेको सूचनाका आधारमा जिल्लाका विभिन्न सीमा इलाकामा गरिएको निगरानी तथा चेकजाँचका क्रममा ती सामान बरामद गरिएको बताइएको छ।

सशस्त्र प्रहरीले गरेको कारबाहीका क्रममा मोटरसाइकल, मदिरा, किराना सामान, कस्मेटिक सामग्री तथा कपडालगायतका वस्तु बरामद गरेको जनाएको छ। बरामद गरिएका सामानको कुल अनुमानित मूल्य ७ लाख ७२ हजार ६२० रुपैयाँ रहेको छ। बरामद सामान आवश्यक कानुनी प्रक्रिया पूरा गरी सम्बन्धित निकायमा बुझाउने कार्य भइरहेको सशस्त्र प्रहरीले जनाएको छ।

सिरहाका सीमा क्षेत्रबाट हुने अवैध सामान ओसारपसार नियन्त्रण गर्नुका साथै सीमा सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउन निगरानी र चेकजाँचलाई तीव्रता दिइएको सशस्त्र प्रहरी उपरीक्षक (एसपी) सुमनजंग थापाले बताए। उनका अनुसार सीमा क्षेत्रमा हुने अवैध गतिविधि नियन्त्रण गर्न सशस्त्र प्रहरीले नियमित रूपमा निगरानी तथा सुरक्षा जाँच गर्दै आएको छ।

# ९ वर्षमा पनि कार्यान्वयन भएन सरकारी भाषा, ९ महिनादेखि अदालती निर्देशनको बेवास्ता

**टुडे समाचारदाता**

जनकपुरधाम । संघीयता कार्यान्वयनसँगै प्रदेश सरकार गठन भएको ९ वर्ष बितिसक्दा पनि मधेश प्रदेशले आफ्नै मातृभाषामा सरकारी कामकाजको भाषा कार्यान्वयन गर्न सकेको छैन । मधेश प्रदेश मात्रै होइन अन्य प्रदेशले पनि आफ्नै मातृभाषालाई सरकारी कामकाजको भाषा बनाउन सकेको छैन । तर अन्य प्रदेशभन्दा भन्दा मधेश प्रदेशको अवस्था फरक छ।




अन्य प्रदेशमा सबभन्दा बढी भाषी नेपालीकै रहेको छ भने मधेश प्रदेशमा मैथिली भाषी बढी रहेका छन्। संवैधानिक व्यवस्था अनुसार प्रदेशमा बोलिने सबैभन्दा बढी राष्ट्रभाषालाई सरकारी कामकाजी भाषा बनाउन सकिनेछ। भाषा संरक्षण, पहिचान र अधिकारका विषयमा राजनीतिक दलहरूका आ-आफ्नै अडान छन्।

हुनत विधेयक प्रदेश सभामा पुगेर राजनीतिक स्वार्थले फिर्ता भइसकेको छ। मधेश प्रदेशमा मैथिली भाषी बाहेकका भोजपुरी र अवधि भाषीहरुको दाउपेचले प्रदेशले अहिलेसम्म सरकारी कामकाजको आफ्नो भाषा पाउन नसकेको हो।

यस सम्बन्धमा उच्च अदालत जनकपुरले समेत आवश्यक कानून बनाउन निर्देशनात्मक आदेश दिएको ९ महिना बितिसक्दा पनि सरकारले प्रक्रिया अगाडि बढाउन सकेको छैन । गतवर्ष फागुन २६ गतेका दिन उच्च अदालतका कामु मुख्यन्यायाधिश टेकनारायण कुँवरको इजलाशबाट प्रदेशको सरकारी कामकाजी भाषा कार्यान्वयन गर्ने आवश्यक कानूनी व्यवस्था गर्न विपक्षी प्रदेश सरकारलाई निर्देशन दिइएको थियो।

## अदालती निर्देशनको बेवास्ता

उच्च अदालत जनकपुरले संवैधानिक व्यवस्था अनुसार मधेशमा नेपाली भाषाका अतिरिक्त सबैभन्दा बढी बोलिने भाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्न आवश्यक कानून बनाउन प्रदेश सरकार र सम्बन्धित निकायका नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो।

कामु मुख्य न्यायाधीश टेकनारायण कुँवर र न्यायाधीश श्यामकुमार भट्टराईको संयुक्त इजलासले २०८२ फागुन २६ गते गरेको फैसलाको पूर्णपाठमा संविधानले सुनिश्चित गरेको भाषिक अधिकार कार्यान्वयन गर्न आवश्यक कानूनी व्यवस्था गर्न निर्देशन दिएको थियो। फैसला २०८३ वैशाख १४ गते प्रमाणीकरण भएको थियो।

ललितपुर महानगरपालिका-१६, निवासी रुक्शना कपालीले मधेशमा नेपालीबाहेक अन्य राष्ट्रभाषालाई सरकारी कामकाजको भाषा बनाउन कानून निर्माण नभएको भन्दै उच्च अदालतमा रिट दायर गरेकी थिइन्।

कपालीले २०८० असोज १९ गते सूचनाको हक प्रयोग गर्दै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग नेपालीबाहेक अन्य राष्ट्रभाषालाई सरकारी कामकाजको भाषा बनाउन भएका प्रयासबारे जानकारी मागेकी थिइन् । त्यसको जवाफमा मुख्यमन्त्री कार्यालयले २०८० माघ २८ गते नेपालीबाहेक अन्य कुनै भाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्रचलनमा ल्याउने विषयमा कुनै कामकारबाही वा निर्णय नभएको जानकारी दिएको थियो।

त्यसपछि मधेश प्रदेश सरकारले मन्त्रिपरिषद्को २०८१ कात्तिक ८ गतेको निर्णयअनुसार 'प्रदेशको सरकारी कामकाजको भाषा सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०८१' प्रदेश सभामा पेश गरेको थियो। तर, २०८१ माघ ११ गते सरकारले उक्त विधेयक फिर्ता लिने निर्णय गऱ्यो । त्यसपछि नयाँ कानून निर्माण हुन सकेन।

विधेयक फिर्ता भएपछि संवैधानिक व्यवस्थाअनुसार भाषिक अधिकार कार्यान्वयन गर्ने प्रक्रिया अधुरै रहेको अदालतको ठहर छ। अदालतले भाषिक अधिकारलाई नीतिगत घोषणामा मात्र सीमित गर्न नमिल्ने व्याख्या गर्दै बहुभाषिक समाजमा सबै भाषिक समुदायको पहिचान, सम्मान र राज्यका सेवामा सहभागिता सुनिश्चित गर्नु राज्यको दायित्व भएको उल्लेख गरेको छ।

फैसलामा भाषिक अवहेलनाले कुनै समुदायलाई राज्यको सेवा प्रवाहबाट बाहिर पार्न सक्ने र त्यसले दीर्घकालीन असन्तोष निम्त्याउन सक्ने उल्लेख छ। ऐतिहासिक रूपमा पछाडि पारिएका भाषिक समुदायको वास्तविक समानता सुनिश्चित गर्न आवश्यक कानूनी उपाय र संरक्षणको व्यवस्था गर्नुपर्ने अदालतको व्याख्या छ।

## निर्देशनमा प्राविधिक त्रुटि

फैसलाको १९ नम्बर बुँदाको दोश्रो पाराग्रामा भनिएको छ – यस सम्बन्धमा नेपालको संविधानको धारा ६२ मा भएको भाषा तथा संस्कृतिको मौलिक हकसँग तादाम्यता हुने गरी आवश्यक कानूनी व्यवस्था गर्न विपक्षीहरुका नाउँमा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ।

आदेशमा भनिएका संविधानको धारा ६२ मा भाषा वा संस्कृति सम्बन्धी कुनै व्यवस्था नभई राष्ट्रपतिको निर्वाचन सम्बन्धी व्यवस्था छ । भाग ४ मा रहेको राष्ट्रपति र उपराष्ट्रपति सम्बन्धी व्यवस्थामा धारा ६२ छन्।

## दलीय सहमति आभावमा विधेयक फिर्ता

प्रदेशका सभामुख रामअशिष यादवले दलीय सहमति आभावका कारण फिर्ता हुन गएको बताउँछन् । उनले भने भाषासम्बन्धी विधेयक पर्याप्त गृहकार्य नगरी सदनमा ल्याइएकाले फिर्ता लिनुपर्ने अवस्था ती बेला आएको बताए । मैथिली भाषामै प्रदेश सभाको शपथ लिएका यादवले सभामुख भएपछि पनि सदनको कामकाज मैथिली भाषामा सञ्चालन गर्दै आएका छन्।

उनले प्रदेशको नाम, राजधानी र सरकारी कामकाजको भाषाजस्ता विषय संवेदनशील हुने भएकाले सर्वदलीय सहमतिका आधारमा अघि बढाउनुपर्ने बताए।

तत्कालीन शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारीमार्फत सरकारले विधेयक प्रदेश सभामा प्रस्तुत गरेको थियो । तर, विधेयकमा मधेश प्रदेशका बहुसंख्यक जनताले बोल्ने मैथिली, भोजपुरी र बज्जिकाजस्ता भाषालाई प्राथमिकता दिनुपर्नेमा अन्य भाषालाई बढी प्राथमिकता दिइएको भन्दै सांसदहरूले असहमति जनाएपछि फिर्ता लिइएको थियो।

उनले भने 'कुनै पनि दलको विरोधभन्दा पनि बहुसंख्यक सांसदहरूको असहमति र गृहकार्य नपुगेका कारण सरकारले सो विधेयक फिर्ता लिनुपर्ने अवस्था सिर्जना भएको थियो।'

## छलफल बिना नै फिर्ता लिइयो

तत्कालीन शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारीले भने विधेयक फिर्ता हुनुमा पर्याप्त छलफल नहुनु र राजनीतिक स्वार्थले काम गर्नु मुख्य कारण रहेको बताइन्।

हाल जनता समाजवादी पार्टी नेपालकी सांसद रहेकी तिवारीका अनुसार उनी मन्त्री हुँदा भाषासम्बन्धी विधेयक प्रदेश सभामा प्रस्तुत गरिएको थियो। तर, विधेयकमा मगही र थारू भाषा छुटेको भन्दै केही पक्षबाट विरोध भयो । ती भाषाहरू विधेयकमा समेटिएका भए पनि त्यसबारे विवाद उठाइएको थियो।

तिवारीले विधेयकलाई सदनमा छलफलका लागि अघि बढाएर आवश्यक संशोधन गर्न सकिने अवस्था हुँदाहुँदै तत्कालीन मुख्यमन्त्री सतिश सिंहले फिर्ता लिएको बताइन्। 'हाउसको त पूर्ण अधिकार छ नि, पूराको पूरा शतप्रतिशत संशोधन गर्न सक्छ,' तिवारीले भनिन्, ' जब हाउसमा छलफलमा लैजान्छ, यहाँ आएर जे-जे राख्ने भन्छ, राख्थ्यो, जे जे हटाउने भन्छ, हटाइदिन्थ्यो।'

उनका अनुसार विधेयक प्रस्तुत भएपछि त्यसलाई परिपक्व बनाउन र छलफलको प्रक्रियामा लैजान पर्याप्त समय समेत दिइएन । बरु, विरोध शुरू भएपछि तत्कालीन मुख्यमन्त्री सिंहले विधेयक फिर्ता लिने प्रतिबद्धता जनाएका थिए।

उनका अनुसार विधेयक फिर्ता नलिई सदनमा छलफल भएको भए संशोधनमार्फत विवादित विषय टुंग्याउन सकिन्थ्यो । तत्कालीन विधेयकमा मैथिली, भोजपुरी र बज्जिकासहित थारू तथा मगही भाषालाई समेटिएको र सम्पर्क भाषाका रूपमा हिन्दीलाई पनि राखिएको तिवारीले खुलाइन्।

मधेश प्रदेशमा भाषासम्बन्धी विवादको अर्को पक्ष जनमत पार्टीको अडान हो । जनमत पार्टीले लामो समयदेखि मधेश प्रदेशमा 'मधेशी भाषा' हुनुपर्ने वकालत गर्दै आएको छ।

भाषा आयोगले 'मैथिली, भोजपुरी र बज्जिका'लाई सरकारी कामकाजको भाषा बनाउन सिफारिस गरे पनि ' मधेशी भाषा'लाई छुट्टै भाषाका रूपमा पहिचान गरेको छैन । जनमत पार्टीले भने मधेशमा बोलिने सबै भाषालाई मधेशी भाषाको दायराभित्र पहिचान र परिभाषित गर्नुपर्ने अडान राखेका थिए। विधेयकमा मैथिली, भोजपुरी, बज्जिका तिनै भाषालाई ग्राहयता दिँदा कुन राख्ने भन्ने आन्तरिक हानाथापले पनि फिर्ता लिइएको बुझिएको छ।

## सरकार आफै कामचलाउ

मधेश प्रदेशमा भाषासम्बन्धी कानून निर्माणको विषय राजनीतिक अस्थिरतासँग पनि जोडिएको छ। नेकपा एमालेका मन्त्रीहरूले असोज ३० गते सामूहिक रूपमा राजीनामा दिँदै समर्थन फिर्ता लिएपछि नेपाली कांग्रेसका मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकार कामचलाउ अवस्थामा पुगेको छ । मुख्यमन्त्री यादवले ३० दिनभित्र विश्वासको मत लिनुपर्नेछ । उनले विश्वासको मत प्राप्त गरेमा सरकार कायम रहनेछ भने त्यसो हुन नसके अर्को सरकार गठनको प्रक्रिया अघि बढ्नेछ।

कामचलाउ मुख्यमन्त्री यादवले भने यस विषयमा तत्काल प्रतिक्रिया दिन चाहेनन् । आफू अहिले अन्य काममा व्यस्त रहेकाले पछि मात्र प्रतिक्रिया दिने भनी पन्छिएका छन्।

# फेसबूकमा हतियार प्रदर्शन र धम्की दिनेहरु पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाबाट सामाजिक सञ्जाल फेसबुकमा पेस्तोलजस्तो देखिने हातहतियार प्रदर्शन गर्दै नाचेको भिडियो सार्वजनिक गर्ने एक युवतीलाई प्रहरीले नियन्त्रणमा लिएको छ।



जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार नगराइन नगरपालिका-६ निवासी अन्दाजी २६ वर्षीया नजिमा खातुनलाई प्रहरीले नियन्त्रणमा लिएको हो।

प्रहरीका अनुसार खातुनले समाजमा हिंसा र त्रास फैलाउन उत्प्रेरित गर्ने किसिमले सार्वजनिक स्थानमा पेस्तोलजस्तो देखिने हातहतियार प्रदर्शन गर्दै नृत्य गरेको र उक्त भिडियो फेसबुकमा अपलोड गरेको पाइएको छ।

सोही घटनाको अनुसन्धानका क्रममा उनलाई कार्तिक ४ गते राति करिब ९:३० बजे गणेशमान चारनाथ नगरपालिका-९ बाट प्रहरी टोलीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

पक्राउ परेकी खातुनमाथि इलाका प्रहरी कार्यालय सबैलाबाट प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाउनुका साथै घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जारी गरेको प्रेस विज्ञप्तिमा घटनाबारे जानकारी दिइएको हो।

यस्तै सामाजिक सञ्जालमा भिडियो सार्वजनिक गरिदिने धम्की दिई रकम असुल्न खोज्ने चारजनालाई समेत धनुषा प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा जनकपुरधाम उपमहानगरपालिका-२० का २३ वर्षीय सुकन महतो, २६ वर्षीय सन्तोषकुमार दास, २२ वर्षीय पनेशकुमार महतो र ३० वर्षीय सुजित महतो रहेका छन्।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी निरीक्षक ओमप्रकाश खनालका अनुसार आरोपितहरूले एक बालिका र एक युवकमाथि दुर्व्यवहार गरी भिडियो बनाएका थिए । उक्त भिडियो सामाजिक सञ्जालमा सार्वजनिक गरिदिने धम्की दिँदै उनीहरूले पीडितका अभिभावकबाट मोबाइल बैंकिङमार्फत छ हजार रुपियाँसमेत स्थानान्तरण गर्न लगाएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

घटनाबारे सूचना प्राप्त भएपछि प्रहरीले अनुसन्धान अघि बढाएको थियो। प्रहरीले आरोपितहरूको साथबाट ज १२ प ७७७७ र मधेश प्रदेश ०२-०१ प २९०२ नम्बरका दुई मोटरसाइकलसमेत नियन्त्रणमा लिएको जनाएको छ । पक्राउ परेका चारै जनामाथि आपराधिक लाभ लिन नहुने तथा बाल यौनदुरुपयोग सम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

# श्रीमतिको हत्या गर्ने आफै झुण्डिएको फेला परे

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा श्रीमतिलाई हत्या गरेका एक व्यक्ति आफै झुण्डिएको अवस्थामा मृत फेला परेका छन् । जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार गणेशमान चारनाथ नगरपालिका-४ भरतपुरका करिब ३५ वर्षीय उमेश यादवले आफ्नी ३० वर्षीया श्रीमती रिना यादवलाई हत्या गरेका थिए।

प्रहरीका अनुसार उमेश शनिबार राति करिब ९ बजे मिथिला बिहारी नगरपालिका-३ मिथिलेश्वरस्थित ससुराली पुगेका थिए। उनले आइतबार बिहान करिब १:५० बजे श्रीमती र छोरामाथि धारिलो हतियार प्रहार गरेको सूचना प्रहरीलाई प्राप्त भएको थियो।



सूचनापछि इलाका प्रहरी कार्यालय धनुषाधामबाट प्रहरी निरीक्षक राजेश कुमार शर्माको कमान्डमा खटिएको टोली घटनास्थल पुग्दा रिनाको घाँटीमा धारिलो हतियारले काटिएको चोट रहेको र उनी मृत अवस्थामा फेला परेकी थिइन् । चार वर्षीय छोरा सम्राट यादवमाथि धारिलो हतियार प्रहार गरिएको थयो । बालक सम्राटको दाहिने तिघ्रामा काटिएको चोट लागेको थियो।

घाइते बालकलाई स्थानीय क्लिनिकमा प्राथमिक उपचार गराएपछि थप उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाम लगिएको छ। प्रहरीका अनुसार बालकको अवस्था सामान्य रहेको छ । घटनास्थलबाट रगत लागेको चक्कुसमेत बरामद भएको प्रहरीले जनाएको छ।

घटनापछि फरार रहेका उमेशको खोजतलास गर्ने क्रममा घटनास्थलबाट करिब एक किलोमिटर पश्चिम मिथिला बिहारी नगरपालिका-२ मा सिर्सिया जाने बाटोको दक्षिणपट्टि आँपको रूखमा झुण्डिएको अवस्थामा उनको शव फेला परेको थियो।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक ओमप्रकाश खनालका अनुसार घटनाबारे थप अनुसन्धान भइरहेको छ । दुवै घटनास्थलको मुचुल्का तयार गर्ने प्रक्रिया अघि बढाइएको र मृतक महिलाको शव परीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पठाइएको प्रहरीले जनाएको छ। प्रहरीले घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको जनाएको छ।

# तस्कर छोडाउन प्रहरीमाथि आक्रमण




**टुडे समाचारदाता**

राजविराज। पटाखा तस्करी आरोपमा पक्राउ परेका तस्करलाई छुटाउन सप्तरीमा प्रहरीमाथि नै आक्रमण गरिएको छ। सप्तरीको बलान बिहुल गाउँपालिका-५ रामनगर कोदरकट्टीस्थित नेपाल-भारत सीमा क्षेत्रमा पटका तस्करीका आरोपितलाई छुटाउन खोज्ने समूहले प्रहरीमाथि आक्रमण गरेको बताइएको छ।

शनिबार साँझ भएको घटनामा प्रहरी चौकीका इन्चार्ज प्रहरी सहायक निरीक्षक प्रदीपकुमार बिष्टमाथि आक्रमण भएको सप्तरी प्रहरीले जनाएको छ।

भारतबाट अवैध रूपमा पटका ल्याउँदै गरेको अवस्थामा बोदेबरसाईन नगरपालिका-३ का रामदुलार यादवलाई प्रहरीले पटाकासहित नियन्त्रणमा लिएपछि उनलाई छुटाउन पुगेको समूहले प्रहरीमाथि आक्रमण गरेको हो।

प्रहरीका अनुसार यादवको साथबाट करिब एक लाख १७ हजार रुपैयाँ बराबरको पटका बरामद गरिएको छ । पक्राउ परेका यादवलाई इलाका प्रहरी कार्यालय कडबोनामा राखेर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख प्रहरी उपरीषक रूपक खड्काले जानकारी दिए।

घटनामा संलग्न रहेको आरोप लागेका देवकुमार यादवसहित अन्य व्यक्तिको खोजी भइरहेको प्रहरीले जनाएको छ। घटनामा संलग्न व्यक्तिहरूको पहिचान गरी पक्राउ गर्न प्रहरी परिचालन गरिएको एसपी खड्काले बताए । उनले घटनामा संलग्न कसैले पनि उन्मुक्ति नपाउने स्पष्ट पारे।

रामनगर कोदरकट्टीस्थित प्रहरी चौकीमा तस्करी नियन्त्रणका क्रममा प्रहरीमाथि आक्रमण भएको यो पहिलो घटना भने होइन । यसअघि गत असारमा पनि सोही चौकीका तत्कालीन इन्चार्ज असई रामकुमार यादवमाथि तस्करीको विषयलाई लिएर समूहले कुटपिट गरेको थियो।

सीमा क्षेत्रमा हुने अवैध तस्करी नियन्त्रण गर्ने क्रममा पटकपटक प्रहरीमाथि आक्रमणका घटना हुनुले सुरक्षा चुनौती थपिएको छ । प्रहरीले पछिल्लो घटनामा संलग्न व्यक्तिहरूको खोजी तथा अनुसन्धानलाई अघि बढाएको जनाएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८